Educational Journal
May, 2025, Volume-4, Issue-1
DOI: https://doi.org/10.3126/ej.v4i1.86178
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

# मुक्तक सिद्धान्त र परम्परा

*कृष्णप्रसाद पोखरेल*
शिक्षण सहायक, नेपाली शिक्षा विभाग
मध्यविन्दु क्याम्पस, कावासोती, नवलपरासी
*pokhrelkp70@gmail.com*

*महेशप्रसाद भट्ट*
उप प्राध्यापक, नेपाली शिक्षा विभाग
महेन्द्र रत्न क्याम्पस, काठमाडौँ
*bhattmpb@gmail.com*

## लेखसार

*प्रस्तुत लेख नेपाली मुक्तकको सिद्धान्त र परम्परामा आधारित रहेको छ । यसमा मुक्तक परिचयात्मकस्वरूप पहिल्याइएको छ । यसैगरी नेपाली मुक्तक लेखन परम्परा र यसका संरचक तत्वहरूबारे विश्लेषण गरिएको छ । यसमा मुक्तकको सैद्धान्तिक स्वरूप तयार पार्दा विभिन्न विद्वानद्वारा लेखिएका पुस्तक, लेख, रचना तथा उनीहरूका धारणालाई आधार बनाइएको छ । यसको उद्देश्य मुक्तकको सैद्धान्तिक स्वरूप पहिल्याउनु, परम्परा निरूपण गर्नु र संरचक तत्वहरूको विश्लेषण गर्नु रहेको छ । लेखमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसक्रममा सामग्री सङ्कलन द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । यसमा आगमनात्मक विधिलाई अवलम्वन गरिएको छ । लेखमा साहित्यको पद्यात्मक रचना मानिने मुक्तकको मूल चिनारी चतुष्पदी हो भनिएको छ । वर्तमानमा निकै लोकप्रिय विधाका रूपमा स्थापित मुक्तकसम्बन्धी चर्चा संस्कृत साहित्यबाट भएको हो भने लेखन कार्य शक्तिबल्लभ अर्ज्यालको 'तनहूँ भकुण्डो' बाट भएको तथ्य प्राप्त भएको छ । मुक्तक ए, ए, बि, ए को संरचनामा तयार पारिने, विषयवस्तु, भाव वा विचार, भाषाशैली, संरचना, उद्देश्य, लय, बिम्ब, प्रतीक र अलङ्कार, अनुप्रास आदिको उचित संयोजनबाट मुक्तक तयार पारिने कुरा उल्लेख गरिएको छ । यस्तै आयामका दृष्टिले लघुतम भए पनि यो आफैमा पूर्ण, कसिलो, चोटिलो, प्रभावकारी तथा हृदयलाई चमत्कृत गर्ने खालको हुने कुरा निष्कर्षका रुपमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनले सम्बन्धित क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चहने तथा यस विषय क्षेत्रप्रति रुचि राख्ने सरोकारवाला सम्पूर्णलाई सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली :** *साहित्य, लघुतम, चतुष्पदी, अनुप्रास, मुक्तलय, बद्धलय, संरचक तत्व*

## अध्ययनको पृष्ठभूमि

छन्दका विविध प्रकारमध्ये मुक्तक अन्यदेशीय छन्द अन्तर्गत पर्दछ । यो कविताको लघुतम रूप हो । यो एक श्लोकमा लेखिएको कविताको सानो तर आफैमा पूर्ण, स्वतन्त्र र मावन हृदयलाई

विशेष प्रभाव पार्ने रचना हो । नेपाली मुक्तक अङ्ग्रेजीमा प्रचलित क्वाट्रेनसँग नजिक देखिन्छ भने अरबी-फारसीको रुबाईसँग मिल्छ (गौतम, २०८१, पृ. ५१) । कविता विधा अन्तर्गत पर्ने भए पनि यसको आफ्नै खालको संरचना छ । थोरैमा धेरै भन्न सक्नु र आनुप्रासिक झड्काले पाठकका मनमा विद्युतीय तरङ्ग उत्पन्न गराउन सक्नु मुक्तकको विशेषता हो (नेपाल, २०७८, पृ.२६) । मुक्तकमा यति नै पङ्क्ति हुनु पर्छ, हरेक पङ्क्तिमा यति नै अक्षर हुनु पर्छ भन्ने खास नियम त भेटिदैन तथापि जम्मा चार पाउमा संरचित हुनु र सबै पङ्क्तिमा अक्षरगत समानता हुनु सुन्दर मानिन्छ । मूलतः मुक्तकलाई चतुष्पदीय रचना मानिन्छ । मुक्तकको आदर्श वा मानक रूप चतुष्पदी नै हो ( पराजूली, २०६७, पृ.४) । चार हरफमा संरचित हुनु, पहिलो, दोस्रो र चौथो हरफमा अनुप्रास/काफिया हुनु, तेस्रो हरफ स्वतन्त्र हुनु, एक आवृत्तिमा भाव सम्प्रेषण गर्न सक्नु, थोरैमा पनि धेरै कुरा भन्न सक्नु, सारगर्भित कुराले मुटु च्वास्स छुन सक्नु, मानव सुख, दुःख, हर्ष, पीडा, छटपटी जस्ता मानव हृदयका भावहरूको विशिष्ट शैलीमा प्रस्तुति रहनु, आफ्नै अस्तित्व हुनु, कविता विधामा छुट्टै प्रभाव पार्न सफल हुनु यसका मूल विशेषता हुन् ।

मुक्तकको चर्चा संस्कृत साहित्यबाट भएको हो । संस्कृत साहित्यमा प्रचलित मुक्तक र अरबी फारसी साहित्यमा प्रचलित रुबाई आपसमा निकट देखिन्छ । संस्कृत साहित्यमा प्रचलित मुक्तक र उर्दु साहित्यमा प्रचलित रुबाई बिचको संरचनात्मक र भावविन्यासगत निकटता रहेको स्पष्टै देखिन्छ (भट्टराई, २०७७, पृ.१९) । संस्कृत र उर्दु फारसी साहित्यमा जस्तै प्राचीनकालदेखि नै नेपाली साहित्यमा पनि यो निकै लोकप्रिय मानिएको छ । नेपाली कविता लेखन कार्यको थालनी भएसँगै यसको पनि थालनी भएको पाइन्छ । तथापि मुक्तक लेखनको परम्परा भने अग्निपुराणसँग जोडिन पुगेको भेटिन्छ । प्रारम्भमा प्रेमजन्य विषयमा मुक्तक लेख्ने प्रचलन बढी पाइन्छ । वर्तमानमा भने विविध विषयलाई अँगाली मुक्तक लेखिएको भेटिन्छ । विशेषतः लामा खालका रचनामा पाठकको ध्यान कम जान थालेपछि समसामयिक धारामा यसले फस्टाउने अवसर पाएको देखिन्छ ।

यस सन्दर्भमा नेपालमा साहित्यसँग सम्बन्धित रहेर थुप्रै अध्ययन अनुसन्धान भएका छन् । यद्यपि कविताकै लघुतम रूप मानिने मुक्तक सुरुवातदेखि पछिल्लो समयसम्म सबैको लोकप्रिय मानिएको देखिन्छ । वर्तमानमा यसबारे अध्ययन अनुसन्धान र लेखन कार्यले उच्च स्थान पाउन थालेको देखिन्छ । यसक्रममा निर्दिष्ट शीर्षक सम्बद्ध अध्ययन अनुसन्धान भने तुलनात्मक रूपमा कमै भएको पाइन्छ । यसर्थ त्यसको रिक्तताका लागि यस लेखको औचित्य छ भन्ने विश्वास गरिएको छ । समग्रत : प्रस्तुत लेखमा मुक्तक परिचय, परम्परा, संरचक तत्व र साहित्यमा यसको स्थान बारे विश्लेषण गरिएको छ

## पूर्वकार्यको अध्ययन

कविता विधा अन्तर्गतको मुक्तक उपविधा सम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान, पुस्तक प्रकाशन, लेख वा रचना प्रकाशन भएका छन् । मुरारी (२०६७), द्वारा *मुक्तक मीमांसा* पुस्तकमा नेपाली मुक्तकका आकार-प्रकार शीर्षक अन्तर्गत मुक्तकको परिचय, मुक्तकका आकार-प्रकारबारे चर्चा गरिएको छ । यसैगरी सोही पुस्तकमा नेपाली मुक्तक कवितामा समकालीन प्रवृत्तिहरू र विभिन्न मुक्तककारहरू तथा तिनका मुक्तकारिताबारे विस्तृतमा विश्लेषण गरिएको छ । त्यसैगरी भट्टराई (२०७७), द्वारा *प्रज्ञा नेपाली नारी मुक्तक* पुस्तकमा मुक्तकको परिचय, पृष्ठभूमि र नारी मुक्तककारहरू शीर्षक अन्तर्गत मुक्तकको परिचय तथा पृष्ठभूमि, मुक्तकको परिभाषा तथा मान्यता, मुक्तकको ऐतिहासिक पृष्ठभूमि र परम्पराबारे चर्चा गरिएको छ । नेपाल (२०७८), द्वारा *लेखन शिल्प* पुस्तकमा मुक्तक लेखन शीर्षक अन्तर्गत मुक्तकको सैद्धान्तिक, यसको संरचना, नेपाली साहित्यमा मुक्तक लेखन, मुक्तक लेखन प्रक्रियाबारे विस्तृत रूपमा चर्चा गरिएको छ । गौतम (२०८१) द्वारा *प्राज्ञिक विमर्श* नामक जर्नलमा नेपाली मुक्तकको संरचनात्मक विश्लेषण शीर्षकमा लेख प्रकाशन गरिएको छ । यस लेखमा मुक्तकको परिचय दिई मुक्तकको संरचनात्मक विश्लेषण अन्तर्गत

मुक्तकको संरचना, नेपाली मुक्तकको रचना विधान, मुक्तकमा भाव/विचार, मुक्तकमा भाषाशैलीय विन्यास, मुक्तकमा लय विधान, मुक्तकमा बिम्बको प्रयोग, मुक्तकमा प्रतिकको प्रयोग, मुक्तकमा छन्दको प्रयोग, मुक्तकमा अलङ्कारको प्रयोगबारे विस्तृत चर्चा गरिएको छ ।

## उद्देश्य

यस लेखको उद्देश्य मुक्तकको सैद्धान्तिक स्वरूप पहिल्याउनु, यसको परम्पराको निरूपण गर्नु र संरचनात्मक तत्वहरूको विश्लेषण गर्नु रहेको छ ।

## अध्ययनको परिसीमा

प्रस्तुत लेख मुक्तकको सैद्धान्तिक स्वरूप पहिल्याउनु, यसको परम्पराको निरूपण गर्नु र संरचनात्मक तत्वहरूको विश्लेषण गर्नमा मात्र केन्द्रित छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसक्रममा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसमा तथ्याङ्कको सङ्कलन, वर्गीकरण र विश्लेषणका लागि आगमनात्मक विधिको प्रयोग गरिएको छ । यसमा सामग्री सङ्कलन गर्दा मुक्तक सम्बन्धित आधिकारिक पुस्तकहरूलाई उपयोगमा ल्याइएको छ । यसका साथै प्रस्तुत विषयसँग सम्बन्धित शोधग्रन्थ, अनुसन्धानमूलक पत्रपत्रिकामा प्रकाशित लेख तथा रचनाहरूलाई पनि द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

## नतिजा तथा बिश्लेषण

### सैद्धान्तिक परिचय

साहित्य हृदयलाई चमत्कृत तुल्याउन विशिष्ट शैलीमा लेखिएको रचना हो । कविता, आख्यान, नाटक, निबन्ध साहित्यका मुख्य विधा हुन् । यस सन्दर्भमा कविता साहित्यको सर्वप्राचीन, समृद्ध र लोकप्रिय विधा हो । नेपालका अनुसार कविताका लघुतम्, लघु, मध्यम, बृहत् र बृहत्तर गरी पाँचओटा रूपहरू पाइन्छन् (२०७८, पृ.२१) । त्यसमध्ये मुक्तक आकारका दृष्टिले कविताको लघुतम विधा अन्तर्गत पर्दछ । यो मूलतः एक श्लोकमा संरचित हुन्छ । संरचनात्मक रूपमा मुक्तक छोटो भए पनि ओजपूर्ण र सारगर्भित हुन्छ ।

मुक्तक तत्सम शब्द हो । यो कविताको लघुतम रूप अन्तर्गतको एक लोकप्रिय र प्रसिद्ध विधा हो । मुक्त शब्दमा कन लागेर मुक्तक शब्दको निर्माण भएको हो । नेपाली बृहत् शब्दकोश ( २०६९) मा “पूर्वीय काव्यशास्त्र अनुसार समासरहित गद्य; कथा सूत्रमा आवद्ध नभएको, हृदयका निरपेक्ष स्वतन्त्र कविता; टुक्रे कविता” लाई मुक्तकका रूपमा चिनाइएको छ (पृ.१०२०) । पाश्चात्य साहित्यमा पनि यससँग मिल्दो रूप पाइन्छ । मुक्तकमा एकपदी, द्विपदी, त्रिपदी, चतुष्पदी, पञ्चपदी र षट्पदीसम्मका कविता रूप पाइन्छन् । यस्ता विभिन्न रूपका कवितालाई त्यहाँ भिन्नभिन्न नाम दिइएको छ तापनि अङ्ग्रेजी क्वाट्रेन (Quatrain) भनिने चतुष्पदी कविता नै पूर्वीय मुक्तकको नजिक देखिन्छ (भट्टराई, २०७७, पृ. १७) ।   कविताको लघुतम रूप भए नि यो हृदयका भावलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने तथा मनमा विद्युतीय झट्का मार्ने सन्दर्भमा वर्तमान समयमा यसको लोकप्रियता बढ्दो छ ।

मुक्तक पद्यात्मक रचना हो । गौतमका अनुसार यो चटनीको स्वाद दिने कविताको रूप हो । आकारका दृष्टिले मुक्तकलाई द्विपदी, त्रिपदी, चतुष्पदी हुँदै सप्तपदीसम्म वर्गीकरण गरिएको पाइन्छ । हाल प्रचलनमा रहेका नेपाली मुक्तकलाई आकारगत दृष्टिले चार स्वरूमा राखेर हेर्न सकिन्छ । ती यस प्रकार छन् :

(क) लघुतम मुक्तक : दुई वा तीन चरणसम्म विस्तारित

(ख) मानक मुक्तक : चार चरणका

(ग) विस्तारित मुक्तक : पाँचदेखि सात चरणसम्म विस्तारित

(ङ) अतिविस्तारित मुक्तक वा अमुक्तक : सात चरणभन्दा माथि (पराजुली, २०६७, पृ.६८)

यसरी आकारगत दृष्टिले मुक्तकलाई विभिन्न रूपमा विभाजन गरे पनि वर्तमानमा भने चतुष्पदी रचना नै यसको मूल चिनारी हो । विभिन्न सन्दर्भमा सामान्यतः मुक्तकहरू चार हरफदेखि आठ हरफ सम्मका हुन्छन् भनी परिभाषित गरिए पनि मूलतः मुक्तकको संरचना चतुष्पदी नै हो ( नेपाल, २०७८, पृ. ६२) । छन्दका शास्त्रीय, लोक वा जातीय, आगन्तुक र मुक्त गरी चार प्रकारमध्ये मुक्तक आगन्तुक छन्दको विशिष्ट रूप हो । यसमा मनमा हर्ष, विस्मात्, खुसी, दुःखी, मिलन, विछोडका भावनाहरू खेलिरहेका हुन्छन् । मुक्तकमा तिनै भावलालाई छोटो तर सारपूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ । आकारका दृष्टिले यो छोटो हुन्छ तर स्वयम्मा पूर्ण हुन्छ । यसले खास अर्थ वा सन्देश प्रवाह गर्न सक्ने क्षमता राखेको हुन्छ ।

मुक्तकमा विषयवस्तु, भाव, भाषाशैली, उद्देश्य, लय, बिम्ब, प्रतीक, अलङ्कार, अनुप्रास आदिको उचित संयोजन भेटिन्छ । अनुप्रासको त यसमा अनिवार्यता नै रहन्छ । प्रारम्भमा प्रायः प्रणय वा माया, प्रेम, विछोड जस्ता विषयले मुक्तकमा बढी स्थान पाए पनि आजभोलि सामाजिक, राजनीतिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, आर्थिक जुनसुकै विषयमा मुक्तक लेख्न गरिन्छ । मुक्तक जस्तै रुवाई पनि चतुष्पदी वा एक श्लोकको हुने र त्यसमा पनि एएबिएकै संरचना भेटिने हुँदा कतिपयले मुक्तक र रुबाईलाई उस्तै रूपमा लिने गरेका छन् । कतिपयले चाहिँ यी दुईलाई फरक रूपमा चिनाएको पाइन्छ । नेपाल (२०७८) का अनुसार यी दुईमा संरचनागत भिन्नता छ । उनका विचारमा मुक्तक बद्धलय र मुक्तलय दुवैमा लेखिन्छ तर रुबाई बद्धलय मात्र हुन्छ । त्यसैले सबै रुबाई मुक्तक हुन सक्छन् तर सबै मुक्तक रुबाई हुन सक्दैनन् (पृ.२६) । जेहोस् रुबाई शास्त्रीय छन्दमा मात्र लेखिने तर मुक्तक बद्ध वा स्वतन्त्र लयमा पनि लेखिन सकिने हुँदा यी दुईलाई केही भिन्न मान्न सकिन्छ ।

मुक्तकका हरेक हरफमा यति नै अक्षर हुनु पर्ने मान्यता त भेटिदैन तथापि सबै हरफमा अक्षरगत समानता सुन्दर मानिन्छ । एकश्लोकमा संरचित हुने मुक्तकमा समग्र भाव सम्प्रेषण गर्न सकिन्छ । एएबिएको संरचनामा तयार पारिने मुक्तकमो सुरुको पाउले विषयको उठान गर्छ । यसको दोस्रो पाउले पहिलो पाउकै विषयको समर्थनमा जोड दिन्छ । यसको तेस्रो पाउ स्वतन्त्र हुन्छ । अन्तिमको चौथो पाउ शक्तिशाली वा वजनपूर्ण हुन्छ । अन्तिमको चौंथो पाउले मुटुमा झड्का हान्छ । यी चार पाउमध्ये पहिलो, दोस्रो र अन्तिम वा चौंथो हरफमा अनुप्रासको प्रयोग अनिवार्य मानिन्छ । ए, ए, बी, ए को संरचना र भावगत उन्नयनलाई नेपालले भूपि शेरचनको रचनालाई आधार बनाएर यसरी स्पष्टसँग बुझाउन खोजेका छन् :

ए = प्रत्येक पहेँलो धातुलाई सुनको **गजुर** भन्न मन लाग्छ

ए = प्रत्येक पन्छीलाई वनको **मजुर** भन्न मन लाग्छ

बी = चाकरी गर्दा गर्दा यस्तो भइसकियो कि

ए = बाटामा भेटिएको गधालाई पनि **हजुर** भन्न मन लाग्छ । (२०७८, पृ.६३) ।

संरचनाका दृष्टिले जम्मा चार पाउको भए पनि यसले जनमानसमा खास सन्देश प्रवाह गर्छ । यस्ता रचनामार्फत मानव जीवन भोगाइलाई स्पस्ट रूपमा चित्रण गरिनुका साथै सामाजिक,

राजनैतिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक आदि क्षेत्रका विकृति, विसङ्गति, भ्रष्टाचार प्रति तिखो व्यङ्ग्य प्रहार गरिन्छ । साथै सुधारको अपेक्षा पनि गरिन्छ ।

## नेपाली मुक्तक लेखन परम्परा

नेपाली कविता लेखन परम्पराको सुरुवात वि.सं १८२६ तिरबाट भएको पाइन्छ । प्राथमिक कालमा लघुतम, लघु, मझौला र बृहत् आकारका कविता लेखिएको भेटिन्छ । यसर्थ कविता लेखन कार्यको सुरुवातसँगै मुक्तक लेखनको पनि सुरुवात भएको हो भन्न सकिन्छ । यसको लेखन इतिहास पुरानो छ । नेपालमा मुक्तक लेखनको इतिहास करिब दुई सय वर्ष पुरानो पाइन्छ (भट्टराई, २०७७, पृ.२२) । पराजुलीका अनुसार शक्तिबल्लभ अर्ज्यालले लेखेका 'तनहूँ भकुण्डो' शीर्षकका दुई श्लोक नेपाली भाषामा भेटिएका सबभन्दा पुराना मुक्तक हुन् । त्यसकारण 'तनहूँ भकुण्डो' शीर्षकका यी दुई श्लोक नेपाली आदि मुक्तक हुन् र शक्तिबल्लभ अर्ज्याल नेपाली आदिमुक्तककार हुन् (२०६७, पृ.४२) । हरेक पाउमा अनुप्रास भेटिने मुक्तक स्वरूपमा लेखिएको उनको रचना यस प्रकारको थियो

धायको छ लमजुंग मकुण्डो

कास्की बाँध सुनको छ षुकुण्डो

पीउठानी कन देउ सुकुण्डो

मारि लेउ तनहूँ त भकुण्डो । (पराजुली, २०६७, पृ.४३)

प्राथमिककालीन नेपाली कवि शक्तिबल्लभ अर्ज्याललाई आदिमुक्तककारका रूपमा चिनाउने गरिए पनि यसका बारेमा चर्चा भने अग्निपुराणबाट नामक ग्रन्थबाट भएको भेटिन्छ । मुक्तकका बारेका प्रष्ट धारणा दिने पहिलो ग्रन्थ अग्निपुराण हो (पराजुली, २०६७, पृ.६६) । मुक्तकलाई सबैभन्दा पहिले परिभाषित गर्ने काम 'अग्निपुराण' ले गरेको छ । 'अग्निपुराण' ले हृदयलाई चमत्कृत पार्ने रचनालाई मुक्तक भनेको छ भने अभिनव गुप्तले अन्य श्लोकसँग असम्बद्ध भएर पनि स्वतन्त्र रूपमा पाठकलाई रसास्वादन गराउने रचनालाई मुक्तक भनी चिनाएका छन् (नेपाल, २०७८, पृ.६१) । जे होस् नेपाली प्राथमिक कालीन कवि शक्तिबल्लभ अर्ज्यालपछि गुमानी पन्त, रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, माध्यमिककालीन कवि मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्ग्याल लगायतका कविहरूले मुक्तक शैलीमा थुप्रै रचना सिर्जना गरेको भेटिन्छ ।

मुक्तक लेखन कार्यलाई विभिन्न समयमका कविहरूले आआफ्नै तरिकाले अगाडि बढाए पनि कविताको आधुनिक कालपछि यसले खास स्वरूप ग्रहण गरेको पाइन्छ । यस समयका मुक्तकमा विषयवस्तुगत विविधता, भाव, लय, भाषाशैली तथा संरचनामा सन्तुलनता भेटिन्छ । आधुनिककालका कविहरूमा लघुतम रूपका कविता लेखनप्रति विशेष रुचि र पाठकको पनि लामाभन्दा आकारका दृष्टिले छोटा रचनाप्रति आकर्षण बढेकोसँगै मुक्तकले साहित्यमा विशेष स्थान प्राप्त ओगटेको भेटिन्छ । आधुनिककाल त्यसमा पनि वि.सं. २०१० पछि मुक्तकको पूर्ण संरचनालाई अँगाली यसको लेखन कार्य गरिएको पाइन्छ । यस समयमा कलम चलाएका लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, भीमदर्शन रोका, भूपी शेरचन, कृष्णप्रसाद पराजुली, यादव खरेल, मोहन कोइराला, मोहन हिमांशु थापा, वैरागी काइँला, सरुभक्त, हरिदेवी कोइराला, उषा शेरचन, ज्ञानुवाकर पौडेल, बूँद राना लगायतका धेरै मुक्तककारले मुक्तकको विकास र विस्तारमा उल्लेख्य भूमिका खेलेको छन् । महान् हस्तीहरूले कलम चलाएको हुँनाले कविताको आधुनिक काललाई मुक्तक लेखनको उर्वर काल मानिन्छ ।

आधुनिक काल अन्तर्गत पनि समसामयिक धारामा मुक्तक लेखनको प्रभाव बढी भेटिन्छ । समसामयिक वा परवर्ती धारामा बृहत् र मझौला आकारका कविताहरू त्यति देखा पर्दैनन् । मुक्तक, गजल, फुटकर कविता र गीतहरूकै बाहुल्यता यसमा भेटिन्छ (भण्डारी र पौडेल, २०६६, पृ.३५) । यस सन्दर्भमा आधुनिक कालीन नेपाली मुक्तकलाई छुट्टै संरचनामा चिनाउन भीमदर्शन रोकाको योगदान विशेष भेटिन्छ । नेपाली साहित्यमा मुक्तक भनेरै मुक्तक लेख्ने पहिलो मुक्तककार भीमदर्शन रोका (१९८६-२०५९) हुन् । वि.सं. २०१० को प्रगति (वर्ष -१, अङ्क-३) मा प्रकाशित रोकाका 'केही मुक्तक' नै नेपाली मुक्तकपरम्परालाई आधुनिकतामा रूपान्तरण गर्ने कोसेढुङ्गा साबित भएका छन् (नेपाल, २०७८, पृ. ६६) । रोकाद्वारा रचित मुक्तकको एउटा नमुना यस प्रकार छ :

रात केवल एक प्रहर बाँकी छ

तीन प्रहरको अन्तिम असर बाँकी छ

पश्चिम पुगेकी एक्ली चाँदनीलाई

केवल एउटा मेरै भर बाँकी छ । (नेपाल, २०७८, पृ. ६७)

भीमदर्शन रोकाको उक्त रचनापछि विभिन्न मुक्तककारहरूले मुक्तक लेखन कार्यलाई अगाडि बढाएको पाइन्छ । यस सन्दर्भमा वि.सं २०१६ मा टेकबहादुर 'नवीन' को चोइटा शीर्षकको कृति प्रकाशन भयो । उनको यो कृति नेपालीमा प्रकाशित पहिलो मुक्तक सङ्ग्रह मानिन्छ । यसैगरी वि.सं. २०४२ मा प्रकाशित उनकै 'मेरा केही चोइटाहरू' मुक्तकसङ्ग्रहले मुक्तक लेखन कार्यमा विशेष भूमिका खेलेको पाइन्छ । यसैगरी वि.सं. २०२४ मा प्रकाशित कृष्णप्रसाद पराजुलीको 'सय थुँगा फूल' नामक मुक्तकसङ्ग्रहले पनि मुक्तक लेखन परम्परामा अर्को नवीन उचाइ थप्ने काम गरेको पाइन्छ । यस समयमा माथि उल्लेख गरिएका बाहेक मोदनाथ प्रश्रित, रेणुका भट्टराई, दुबसु क्षेत्री, पुष्प अधिकारी 'अञ्जली', प्रकट पंगेनी शिव, देवी नेपाल, मुरारी पराजुली, रमेशचन्द्र घिमिरे, सन्तोष अम्गाई लगायतका अन्य थुप्रै मुक्तककारहरूबाट मुक्तक लेखन र प्रकाशन कार्य भइरहेको पाइन्छ ।

मुक्तक लेखनको विकास र विस्तारका लागि समयसमयमा थुप्रै व्यक्तिगत तथा संस्थागत प्रयास भएका छन् । विभिन्न समयमा भएको जनआन्दोलन, साहित्यिक आन्दोलन, लोकतन्त्र, गणतन्त्रको स्थापना आदिले यसको विकासमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । राष्ट्रिय तथा जिल्ला र स्थानीय स्तरमा प्रकाशित पत्रपत्रिका, लेख रचना, यस सम्बन्धी भएका अध्ययन अनुसन्धाननात्मक कार्य, रेडियो, एफ. एम., टेलीभिजन आदिले यसको विकासमा उल्लेख्य भूमिका खेलेका छन् । यस्तै नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल मुक्तक प्रतिष्ठानलगायत नेपाली भाषा, साहित्यको समृद्धिका लागि स्थापना गरिएका साहित्यिक प्रतिष्ठानहरू, राष्ट्रिय नाचघर, पोखरेली, युवा सांस्कृतिक परिवार, समय समयमा गरिने गोष्ठि तथा सेमिनार, यस सम्बन्धी जारी घोषणा पत्र, मुक्तक मञ्च गठन, विविध साहित्यिक मञ्च गठन, विभिन्न सन्दर्भमा संस्थाहरूमा आयोजना गरिने कार्यक्रमहरू, मुक्तक लेखन प्रतियोगिता, मुक्तक वाचन, मुक्तक विशेषाङ्क प्रकाशन आदिले मुक्तक लेखन, प्रकाशन, विकास र सम्बर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गरेका छन् ।

## मुक्तकका संरचक तत्व

संरचक भन्नाले कुनै वस्तुको निर्माणको अवयव, घटक वा त्यसको तत्व भन्ने बुझिन्छ । मुक्तकका संरचक तत्वहरू भन्नाले मुक्तक निर्माणका लागि आवश्यक पर्ने घटक भन्ने हुन्छ । जुन नभई त्यो बन्दैन, त्यही त्यसको तत्व हुन्छ (लामिछाने, २०७७, पृ.१३३) । मुक्तकमा विषयवस्तु, भाव वा विचार, भाषाशैली, संरचना, उद्देश्य, लय, बिम्ब, प्रतीक र अलङ्कार, अनुप्रास, कथनपद्धति

आदिको उचित संयोजन हुन्छ । यहाँ मुक्तकका मुख्य संरचक तत्वहरूबारेसङ्क्षेपमा चर्चा गरिएको छ :

### *विषयवस्तु*

विषयवस्तु मुक्तकको एक संरचक तत्व हो । यसले मुक्तक जेका बारेमा लेखिन्छ त्यसलाई बोध गराउँछ । मुक्तक जुनसुकै विषयमा लेख्न सकिन्छ । तथापि प्रारम्भमा बढी प्रणयसँग सम्बन्धित भएर मुक्तक रचना गरिएको पाइन्छ । वर्तमानमा प्रणयका साथै सामाजिक, राजनीतिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, जीवनका यावत भोगाइ जुनसुकै विषयमा मुक्तक लेख्न गरिन्छ । साथै उक्त विषयक्षेत्रमा देखापरेका विकृति, क्षेत्रका विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार प्रति तिखो व्यङ्ग्य प्रहार गरिन्छ ।

### *भाव वा विचार*

भाव भन्नाले त्यसले प्रकट गर्न खोजेका कुरा, बुझाउन खोजेको सन्देश वा त्यसको सारतत्व भन्ने हुन्छ । अतः यो मानव हृदयसँग निकट हुन्छ । मुक्तकमा मानव जीवनसँग सम्बन्धित उकाली-ओराली, सुख-दुःख, हर्ष-विस्मात, आनन्द-पीडा, माया-प्रीति, मिलन-बिछोड, जीवन भोगाइ वा अनुभूति जस्ता भाव प्रकट भएको हुन्छ । यस्तै धर्म, संस्कार, मेलापात आदिसँग सम्बन्धित रहेर विचार अभिव्यक्त भएको हुन्छ र यसकै माध्यमबाट खास सन्देश पनि प्रवाह गरिएको हुन्छ ।

### *भाषाशैली*

विषयको सम्प्रेषणका लागि 'भाषा' चाहिन्छ भने प्रस्तुतिको कलात्मकताका लागि 'शैली' को आवश्यकता पर्दछ (नेपाल, २०७८, पृ.१३९) । यस सन्दर्भमा मुक्तक अभिव्यक्तिको माध्यम भाषा हो भने शैली प्रस्तुतिको ढाँचा वा तरिका हो । यसर्थ भाषाशैली मुक्तकले जुन भाव व्यक्त गर्न खोजेको छ त्यसको माध्यम र प्रस्तुतिको कौशलतासँग सम्बन्धित हुन्छ । मुक्तकको भाषा खदिलो, अभिधाभन्दा बढी लाक्षणिक, ललित, कोमल, विशिष्ट, बोधगम्य र आलङ्कारिक हुनु पर्दछ । यससन्दर्भमा अनुप्रासीय पद वा पदावलीको प्रयोग अनिवार्य मानिन्छ । प्रस्तुतिको शैली आकर्षक, रोचक र उत्सुकता जगाउने खालको हुनु पर्दछ ।

### *उद्देश्य*

हरेक कार्य गर्नुको आफ्नै उद्देश्य भए झैँ मुक्तक लेखनको पनि खास उद्देश्य हुन्छ । मुक्तक लेखनको उद्देश्यले यसले व्यक्त गर्न खोजेको सन्देशलाई बुझाउँछ । यसको उद्देश्य विविध विषयबारे ज्ञान गराउनु, नीतिचेतना प्रदान गर्नु, विविध क्षेत्रमा देखिएका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गर्नुका साथै सुधारको अपेक्षा गर्नु, मनोरञ्जन प्रदान गर्नु आदि हुन सक्छ ।

### *संरचना*

संरचना भन्नाले त्यसको बनोट र बुनोट वा त्यसको आयाम, लम्बाइ, चौडाइ र गहिराइ भन्ने बुझिन्छ । मुक्तक कविता विधाकै एक उपविधा भए पनि यसको आफ्नै संरचना हुन्छ । चतुष्पदी संरचनामा निर्मित हुनु यसको बाह्य स्वरूप हो भने बुनोटमा सहभागी भाव/विचार, भाषाशैलीय विन्यास, दृष्टिविन्दु, उद्देश्य आदि तत्वहरूको सहसम्बन्ध आन्तरिक बुनोट हो (गौतम, २०८१, पृ. ४५) । मुक्तक ए, ए, बि, ए को संरचनामा मूलतः चार हरफमा तयार पारिन्छ । यसमा पहिलो, दोस्रो र चौथो हरफ अनुप्रास युक्त हुन्छ तर तेस्रो हरफ स्वतन्त्र हुने भएकाले अनुप्रास आवश्यक पर्दैन । यस्तै पहिलो हरफले विषयको उठान, दोस्रोले पहिलो हरफलाई समर्थन र विकास गर्छ भने तेस्रो हरफले चौथो हरफलाई प्रभावकारी, ओजनदारबनाउन र कुतूहतला जगाउन बनाउन

विशेष भूमिका निर्वाह गर्दछ । चौथो हरफले मुटुमा विद्युतीय मार वा झट्का प्रहार गर्छ र सबैभन्दा बढी ओजनदार हरफ पनि यही हुन्छ ।

***लय***

कवितामा लय अनिवार्य मानिन्छ । मुक्तक पनि कविताकै लघुतम रूप भएकाले यसमा पनि लयको प्रयोग गरिन्छ । मुक्तक बद्धलय र मुक्तलय दुवैमा लेखिन्छ (नेपाल, २०७८, पृ.२६) । गौतमका अनुसार बद्ध लय अर्न्तगत वार्णिक, मात्रिक तथा लोकलय पर्दछन् भने मुक्तलय भनेको आन्तरिक लय विधान भएको गद्यलय हो (२०८१, पृ. ४९) । जेहोस् बद्धलय भन्नाले बाँधिएको र मुक्त लय भन्नाले स्वतन्त्र भन्ने बुझिन्छ । नेपालमा मुक्तक बद्ध वा मुक्तक मध्ये कुनै एक लयको प्रयोग गरी लेखिएको पाइन्छ ।

***बिम्ब, प्रतीक र अलङ्कार***

बिम्ब, प्रतीक तथा अङ्कार पनि मुक्तकको महत्त्वपूर्ण संरचक तत्व  हो । यसको प्रयोगले मुक्तकको ओज बढाउँछ । मुक्तकमा प्रयोग गरिने बिम्बले अदृश्य कुरालाई दृश्यवान बनाउन, अभिव्यक्तिलाई चित्रात्मक बनाउँन र भाव सम्प्रेषणमलाई सरल बनाउन मद्धत गर्छ । यस्तै प्रतीकले कुनै एक वस्तु/विषयका माध्यमबाट अर्के वस्तु/विषय बुझाउन मदत गर्छ । अलङ्कारले रचनालाई सौन्दर्य बनाउन मदत गर्छ । समगतः मुक्तकमा व्यक्त गर्न खोजिएको भावलाई सूत्रात्मक, प्रभावकारी बनाउन, अदृश्य कुरालाई बुझाउन तथा त्यसको सुन्दरता, मोहकता, चमकता अभिवृद्धि गर्न बिम्ब, प्रतीक तथा अङ्कारको प्रयोग गरिन्छ ।

***अनुप्रास***

अनुप्रासको प्रयोगले मुक्तकलाई सुन्दर बनाउँछ, श्रुतिमधुर र प्रभावकारी बनाउँछ । मुक्तक को पहिलो, दोस्रो र चौथो पङ्क्तिमा अनुप्रास अनिवार्य मानिन्छ । तेस्रो पङ्क्ति स्वतन्त्र हुने भएकाले यसमा अनुप्रासको आवश्यकता पर्दैन । यसलाई कतिपयले मूलतः गजलमा प्रयोग गरिने काफियाका रूपमा समेत चिनाएका छन् ।

## निष्कर्ष

मुक्तक साहित्यको पद्यात्मक रचना हो । यो कविताकै लघुतम रूप हो । संस्कृत साहित्यबाट यसको चर्चा हुन थालेको हो । अग्निपुराण ग्रन्थमा यसको चर्चा भए पनि शक्तिबल्लभ अर्ज्याललाई आदिमुक्तककारका रूपमा लिइन्छ । यो अङ्ग्रेजी साहित्यको क्वाट्रेन तथा अरबी फारसी साहित्यमा प्रचलित रुबाईसँग नजिक देखिन्छ । कविता लेखन कार्यसँगै अगाडि बढेको मुक्तक वर्तमानमा निकै लोकप्रिय विधाका रूपमा स्थापित छ । यो छोटो हुन्छ तर आफैमा पूर्ण, प्रभावकारी तथा हृदयलाई चमत्कृत गर्ने खालको हुन्छ । यस्तै कसिलो एवम् मनमा बाण हान्ने र हृदयलाई आनन्द प्रदान गर्ने खालको हुन्छ । चतुष्पदी मूल पहिचान बनेको मुक्तक ए, ए, बि, ए को संरचनामा तयार पारिन्छ । यसमा विषयवस्तु, भाव, भाषाशैली, उद्देश्य, बिम्ब, प्रतीक, अलङ्कार, लय, अनुप्रास आदिको संयोजन भेटिन्छ । यो विविध विषयमा लेखिन्छ । यस सन्दर्भमा मानव जीवनसँग सम्बन्धित उकाली-ओराली, सुख-दुःख, हर्ष-विस्मात, आनन्द-पीडा, माया-प्रीति, मिलन-बिछोड, चिन्ता, छटपटी जस्ता जीवन भोगाइ वा अनुभूतिहरूलाई समेटिएको हुन्छ । मुक्तक लेखनको विकास, विस्तार र उन्नयनका लागि समयसमयमा थुप्रै व्यक्तिगत तथा संस्थागत प्रयास भएका छन् ।

## सन्दर्भ सामग्री सूची

अर्याल, थानेश्वर (२०७९), गजलका संरचनात्मक तत्वहरू, *बुटवल क्याम्पस जर्नल* (वर्ष-१, अङ्क-५), पृ.२०७-२०२१ ।

कोइराला, धनपति (२०७४), *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाडौं : शब्दार्थ प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०८१), मुक्तकमा रहस्यको तीव्रता, *मुक्तक यात्रा,* मुक्तक मञ्च, पोखरा ।

गौतम, तुलसीप्रसाद (२०८१), नेपाली मुक्तकको संरचनात्मक विश्लेषण, *प्रज्ञिक विमर्श* (वर्ष-६, अङ्क-१२), पृ.४४-५२ ।

नेपाल, देवी (२०७८), *लेखन शिल्प,* काठमाडौं : ऐरावती प्रकाशन प्रा.ली.

पराजुली, कृष्णप्रसाद (२०५५), *'मुक्तक' नेपाली साहित्य कोश,* सम्पा.ईश्वर बराल र अन्य, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. ।

पराजुली, मुरारी (२०६७), *मुक्तक मीमांसा,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.ली. ।

पोखरेल, बालकृष्ण, त्रिपाठी, वासुदेव, पराजुली, कृष्णप्रसाद, शर्मा, गोपीकृष्ण र भट्टराई, हर्षनाथ (सम्पा), (२०६९), *नेपाली बृहत् शब्दकोश* (आठौं सं.), काडमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रेणुका (२०७७), *प्रज्ञा नेपाली नारी मुक्तक,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, पारषमणि र पौडेल, माधवप्रसाद (२०६६), *नेपाली कविता र काव्य,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, कपिलदेव (२०७७), *लोकसाहित्य सिद्धान्त,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०३८), समसामयिक नेपाली मुक्तक : पहिचानका केही बुँदाहरू, *मधुपर्क,* (वर्ष- १४ अङ्क ६-७), पृ.१६१-१६४ ।